Amritology, 28 12 2014

## दिल तख्त नशीन बच्चाको “मेरा बाबासँग” कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ। म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएकी छु।

### म को हुँ ?

म ईश्वरीय परिवारको एक वारिस बच्चा हुँ अनि म बाबाको दिल तख्तमा बेसेको छु। म यस रूहानी परिवारको सदस्य हुँ त्यसैले बाबाको दिलमा बसेको छु।

### म कसकी हुँ ?

### आत्माको बाबासँग कुराकानीः

मीठे बाबा– गुड मर्निङ्ग। मेरा बाबा ! मलाई यो आभास भएको छ कि हजुरका जति धेरै बच्चाहरू किन नहुन्, हामी सबै हजुरको दिलमा बसेका छौं। मैले कसैसँग रिस गर्ने आवश्यकता छैन किनकि हामी सबैको हजुरको दिल तख्तमा बराबर अधिकार छ। बाबा हजुरको दिल यति विशाल छ, हामी सबै त्यस दिलमा अटेका छौं र त्यसमा अरूलाई पनि राख्ने बेहद क्षमता छ।

### बाबाको आत्मासँग कुराकानीः

मीठे बच्चे ! जाग ! मसँगै बस। तिमीले दिलबाट मेरो बाबा भन्ने बित्तिकै मैले तिमीलाई आफ्नो दिल तख्तमा बसालिदिन्छु। यो दिल तख्तले तिमीलाई स्वराज्य अधिकारी बनाइरहेको छ र तिमी राजा बन्दै गइरहेको छौ। यो तख्त तिमीले शासन गर्नका लागि हो। तिमी बच्चाहरूले आफ्नो राजतिलक र राजसी तख्त प्राप्त भएकोमा उत्सव माइरहेका छौ। यो तख्तको स्मृतिबाट तिमी बच्चाहरूले विघ्नलाई सजिलै पार गर्दै गइरहेका छौ।

### बाबाद्वारा प्रेरणाः

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ। बाबा हुनुहुन्छ शान्तिका सागर। यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु।

### बाबाद्वारा वरदानः

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरूप स्पष्ट देखिइरहेको छ। बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई बरदान दिइरहनुभएको छ–

संगम युगमा तिमी बच्चाहरूको गायन छ– “सुखका सागरका सन्तान, सुखदेव”। तिम्रो नम्रताबाट चारै तिर रूहानी खुशीको प्रकाश फैलिइरहेको छ। यो प्रकाशले तिम्रो सम्पर्कका सबै आत्माहरूको आन्तरिक सुन्दरतालाई प्रकाशित गरिरहेको छ र तिमी सर्व रचनाको प्रिय बन्दै गइरहेका छौ।

### बेहदको सूक्ष्म सेवाः (आखिरी पन्द्र मिनेट)

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पूरा विश्वलाई दान दिइरहेको छु। आफ्नो फरिस्ता पोशाक पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरूलाई यो वरदान दिइरहेको छु।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं। चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिन ? यदि गरेको भए बाबालाई बताउँ। कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाउँ। ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं। आफ्नो दिललाई सफा र हलुङ्गो बनाएर सुतौं।